लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

पत्र संख्या: २०८३।०८४ (प्र.प्र.अ.)

सूचना नम्बर: १२

लुम्बिनी प्रदेश, नेपाल

## सवारी साधन, हेभी इक्युपमेन्टको दररेट पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशन मितिः २०८३/०४/२६

लुङ्ग्री गाउँपालिका अन्तर्गत आ.ब. २०८३/०८४ मा पहिरो, बाढी आदीका कारण अवरुद्ध हुन पुग्ने पालिका भित्रका मुख्य तथा शाखा सडकहरुको पहिरो पन्छाउने, बाटो मर्मत गर्ने, बाटो सोर्ने लगायतका कार्य गर्नका लागि आवश्यक पर्ने सवारी साधन, हेभी इक्युपमेन्टहरु (जस्तै जे.सी.बी, एक्साभेटर, लोडर, ट्र्याक्टर, टिपर आदी) उपलब्ध गराउन इच्छुक दर्तावाल फर्म, कम्पनी वा व्यवसायीहरुबाट देहायका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएको ढाँचामा सिलबन्दी दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरुः**

१. दर रेट पेश गरेको निवेदन
२. फर्म/कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. आ.ब. २०८१/८२ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. सवारी साधन हेभी इक्युपमेन्टको नवीकरण गरिएको सवारी दर्ता किताब (ब्लु बुक) को प्रतिलिपि
६. अन्य आवश्यक योग्यता वा अनुभव सम्बन्धी कागजात

शर्तहरुः-

१. विपदको समयमा गाउँपालिकाले खबर गर्नासाथ तोकिएको स्थानमा तुरुन्त इक्युपमेन्ट/जनशक्ति खटाउनु पर्नेछ
२. पेश गरिएको दररेट आ.ब. २०८३/८४ भरिका लागि मान्य हुनेछ।
३. सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार स्विकृत गर्ने/नगर्ने तथा अन्य सम्पूर्ण अधिकार लुङ्ग्री गाउँपालिकामा निहित रहनेछ।

अनिल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

अनिल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

<u>दररेट पेश गर्दा उल्लेख गर्ने विवरण</u>

फर्मको नामः

ठेगानाः

दररेट पेश गरेको मितिः

हेभि इक्युपमेन्ट वा उपकरणको नामः

| क्र.सं. | वडा नं. | स्थान | उपकरण उपभोग दर प्रति घण्टा | कैफियत |
|---|---|---|---|---|
| १ | १ | आलिवाङ देखि माथि ऐपे, मनेकोट, बाखेखोर क्षेत्र | | |
| २ | १ | सरस्वती मा.वि. दाइवाङ वा सो भन्दा माथिको क्षेत्र | | |
| ३ | १ | वडा नं. १ का अन्य क्षेत्र सबै | | |
| ४ | २ | वडा नं. २ को सम्पूर्ण स्थानहरु | | |
| ५ | ३ | गोठेचौर, देउराली, सिम्लेनी क्षेत्र | | |
| ६ | ३ | वडा नं. ३ को अन्य क्षेत्र | | |
| ७ | ४ | वडा नं. ४ को सबै क्षेत्र | | |
| ८ | ५ | वडा नं. ५ को सबै क्षेत्र | | |
| ९ | ६ | पाटेगुम्चाल, दिम्स, बेरी क्षेत्र | | |
| १० | ६ | वडा नं. ६ को अन्य क्षेत्र | | |
| ११ | ७ | हार्जङ क्षेत्र | | |
| १२ | ७ | छहरेखुङ, भैसाछोपे क्षेत्र | | |

कुनै विशेष छुट वा अन्य खुलाउनु पर्ने भए सो कुराः

संलग्न कागजातहरुः